जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १६० २०७८ साल माघ १० गते सोमबार (24 Jan. 2022 Monday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

अनुमतिबेगर तेजाब वा अन्य घातक रसायनिक पदार्थको उत्पादन, निकासी, पैठारी वा बिक्री बितरण गर्नु दण्डनीय अपराध हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : बर्दिबासका भूमिहीन भन्दछन्,.. ३ पृष्ठमा : चोरी नियन्त्रणमा ... ३ पृष्ठमा :कोभिडका कारण न्युजिल्याण्डकी...

## मधेश प्रदेश मुलुककै पहिलो पहिचानमा आधारित प्रदेश : मन्त्री साह



**दैनिक समाचारदाता**
**राजबिराज, ९ माघ ।**

मधेश प्रदेशका अर्थ मन्त्री शैलेन्द्र प्रसाद साहले आठ जिल्ला समेटेर बनेको मधेश प्रदेशको निर्माण एक उदाहरणिय कार्य भएको बताएका छन् ।

सप्तरीको रुपनी गाउँपालिका १ स्थित नवनिर्मित पण्डित रामकुमार शास्त्री गौं सेवा आश्रमको उद्घाटन गर्दै उनले सो कुरा बताएका हुन् । मुलुकमा पहिचानमा आधारित एक मात्र मधेश प्रदेश रहेको भन्दै मन्त्री साहले यस्तो प्रदेश निर्माण अन्यत्रका लागि पनि अनुकरणिय रहने समेत बताए ।

मन्त्री साहले आठ जिल्ला मात्र समावेश गरिएको मधेश प्रदेशमा बाँकी जिल्लालाई पनि मधेश प्रदेशमा ल्याउने अभियान जारि रहने बताए । उनले प्रदेशको सिमांकनको सवालमा पार्टीले आगामी दिनमा पनि संघर्ष जारि राख्ने उद्घोष समेत गरे ।

पण्डित रामकुमार शास्त्रीद्वारा स्थापित गौशाला संचालनका लागि प्रदेश सरकारले २९ लाख ५० हजार तथा ६ लाख शास्त्री स्वमले व्यवस्था गरि संचालनमा ल्याएका हुन् । गौशालामा हाल ५१ वटा गाई रहेका छन् ।

गौशाला संचालक पण्डित शास्त्रीले गौंशालासँगै जैविक मल उत्पादनको कामलाई अघि बढाइएको जानकारी दिँदै उक्त मल स्थानियस्तरमै खपत हुने र आगामी बैशाख महिनादेखी उत्पादन सुरु गर्ने गरि काम अघि बढिसकेको बताए ।

गौशाला आश्रम निर्माण समितिका संयोजक समेत रहेका पण्डित शास्त्रीको अध्यक्षतामा आयोजित कार्यक्रममा रुपनी गाउँपालिका अध्यक्ष हरेराम यादव, मधेश प्रदेश आमसंचार प्रतिष्ठानका अध्यक्ष श्यामसुन्दर यादव, प्रेस काउन्सीलका पूर्व सदस्य मुरली प्रसाद यादव, पत्रकार महासंघका राष्ट्रिय परिषद् सदस्य मनोजकुमार माझी, समाजसेवी हरेकृष्ण प्रसाद सिंह, पूर्व जनस्वास्थ्य निरिक्षक भागवत प्रसाद यादवले पनि शुभकामना दिँदै गौं संरक्षणमा जोड दिए ।

## जनमतद्वारा मन्त्रीको पुतला दहन



**दैनिक समाचारदाता**
**राजबिराज, ९ माघ ।**

जनमत पार्टी सप्तरीले भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणुकुमारी यादवको पुतला दहन गरेको छ ।

राजबिराजस्थित जनआन्दोलन चौकमा आइतबार सो पार्टीका नेता कार्यकर्ताहरुले आफ्ना पार्टीका अध्यक्ष डा. सिके राउतलाई मन्त्री यादवले ज्यान मार्ने धम्की दिएको भन्दै पुतला दहन गरेका बताएका छन् ।

जनमत पार्टीका जिल्ला सचिव थानेश्वर साहले गत माघ ५ गते बलिदानी दिवसको अवसरमा रौतहटमा आयोजित कार्यक्रममा मन्त्री यादवले आफ्ना पार्टीका अध्यक्ष डा. राउतलाई गौर घटनाको स्मरण गराउँदै ज्यान मार्ने धम्की दिएको बिरोधमा पुतला दहन गरेको जानकारी दिए ।

## सवारी दुर्घटनामा २ सय ९२ को मृत्यु

## एक लाख ७७ हजार ५ सय ९३ थान मास्क बितरण

**दैनिक समाचारदाता**
**राजबिराज, ९ माघ ।**

चालु आर्थिक बर्षको साउनदेखी हालसम्मको अवधीमा सवारी दुर्घटनामा २ सय ५२ पुरुष र ४७ महिलागरि २ सय ९२ जनाले ज्यान गुमाएका छन् ।

मधेश प्रदेश प्रहरी कार्यालयद्वारा आइतबार सार्वजनिक गरिएको चालु आर्थिक वर्ष २०७८/७९ को साउनदेखी हालसम्मको अवधीमा भएका विभिन्न घटनाहरुको विवरण प्रतिवेदनमा सो तथ्याङ्क देखाएको हो ।

प्रतिवेदनमा ६ महिनाको अवधीमा मधेश प्रदेशका ८ वटै जिल्लामा लागुऔषधतर्फ गाँजा १ हजार ७ सय ११ किलो, ब्राउन सुगर १ सय ३४ ग्राम, चरेस ४६ किलो र हिरोइन ८३ ग्राम, डाइलेक्स डिसि ९० लिटर, विभिन्न ट्याबलेट ४० हजार ७ सय २८ पिस र इन्जेक्सन २२ हजार ४ सय ४६ पिस बरामद गरिएको जनाएको छ । यस अवधीमा लागुऔषधतर्फ ११ महिलासहित ६ सय ५ जना र भन्सार छलि अपराधमा संलग्न १ सय ४ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

यस्तै कोभिड १९ नियन्त्रणतर्फ १ लाख ७७ हजार ५ सय ९३ थान मास्क बितरण गरिएको जनाइएको छ भने जरिवाना स्वरुप १४ लाख ६९ हजार ५ सय रुँपैया राजश्व असुल भएको जनाइएको छ भने ९ सय ५२ जना फरार अपराधी पनि पक्राउ परि ३ सय ६५ बर्ष २ महिना ३ दिन कैद बसुलका लागि कारागार चलान गरिएको प्रतिवेदनले देखाएको छ ।

यस्तै हातहतियारतर्फ ३४ जना, काठ तस्करीतर्फ २२ जना र नदीजन्य अपराधतर्फ २३ जना पक्राउ परेका छन् । यसअवधीमा बिभिन्न नाकाबाट भन्सार छलि ल्याइएका १८ करोड ८ लाख ५१ हजार १ सय ५६ रुँपैयाको अवैध सरसामान जफत गरिएको छ ।

यस्तै नदीजन्य अपराधतर्फ जरिवाना वापत ११ लाख २६ हजार ८०, फरार प्रतिवादीतर्फ जरिवाना वापत ३ करोड ७९ लाख ६६ हजार ७ सय १४, काठ तस्करीतर्फ १७ लाख ९७ हजार ५ सय ७० रुँपैया राजश्व संकलन गरिएको मधेश प्रदेश प्रहरीद्वारा सार्वजनिक गरिएको तथ्याङ्कले देखाएको छ ।

## कोभिडबाट चारजनाको मृत्यु

काठमाडौँ, ९ माघ (रासस) ।

बितेका २४ घण्टामा १३ हजार ३७७ जनाको पिसिआर परीक्षण गर्दा पाँच हजार ५९८ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । त्यसैगरी, चार हजार ६० जनाको एन्टिजेन परीक्षण गर्दा ८६४ जना संक्रमित भएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार कुल १७ हजार ४३७ जनाको परीक्षण गर्दा छ हजार ४६२ जनामा कोरोना पुष्टि भएको छ ।

मन्त्रालयले आइतबार गरेको नियमित 'प्रेस ब्रिफिङ' सहायक प्रवक्ता डा समीर अधिकारीले २४ घण्टामा एक हजार ४१६ जना

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय

# सबैको सहयोग आवश्यक

विगत केही दिनदेखि तराई मधेशका जिल्लामा विहान साँझ बाक्लो कुहिरो लाग्ने कारणले अत्याधिक चिसो बढेको छ । मधुरो घाम लाग्ने र चिसो बतास बग्ने गर्दा तापक्रम घट्दै गएको छ । यसैगरी पहाडी र हिमाली भेगामा हिमपात हुँदा जीवन कष्टकर बन्दै गइरहेको छ ।

हरेक वर्ष आउने यस्तो प्राकृतिक विपत्तिबाट जनजीवन प्रभावित हुँदै आएको छ । तराई मधेशमा हरेक वर्ष शीतलहरका कारण दर्जनौं व्यक्तिको मृत्यु हुने गरेको छ ।यसरी मृत्यु हुनेहरुमा गरीब वृद्धवृद्धा र जीर्ण रोगीहरु रहेका अस्पताल श्रोतको कथन छ । यस्तो अकाल मृत्युबाट जोगाउन सबैको सार्थक पहल र विपद पूर्वको तयारी एवं सोको कार्यान्वयन आवश्यक रहेको छ । यो मौसममा बालबालिकाहरु समेत कोल्ड डायरिया, निमोनिया जस्ता रोगबाट प्रभावित हुने गरेका छन् ।

चिसोबाट हुने मृत्युको संख्या र प्रभावित हुनेहरुको संख्या रोक्न आवश्क र इमान्दार प्रयासको आवश्यकता महसुस गरिएको छ । यस्ता प्रयासहरु सरकारी तथा गैरसरकारी स्तरबाट नभएका पनि होईनन् । तथापि यस क्षेत्रमा जति काम हुनुपर्ने हो त्यति भइ नसकेको अवस्था छ । घरविहिन, सुकुम्वासीहरु र गरीबहरुलाई लक्षित गरेर विपद्पूर्व तयारीको रुपमा कार्ययोजना अनुसार प्रयास र पहलको थप खाँचोलाई परिपूर्ति गर्न सबैको आ(आफ्नो स्तरबाट सहयोग अपेक्षित हुन्छ ।

# बर्दिबासका भूमिहीन भन्दछन्, 'लालपुर्जा पाएको दिन पर्वकै दिन हुनेछ'

महोत्तरी, ९ माघ (रासस) ।

वर्षौंवर्षदेखि बसोबास गर्दै आएका महोत्तरीको बर्दिबास नगरपालिकाका भूमिहीन सुकुम्बासीले अब आफ्नो घरजग्गाको जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) पाउने आश जागेको छ । नगर क्षेत्रका एक हजार ८०० भन्दा बढी सङ्ख्याका भूमिहीन सुकुम्बासी बसोबास गर्दै आएका घर जग्गाको लालपुर्जा प्राप्तिको प्रक्रिया अघि बढेपछि अहिले उनीहरू खुशी हुन थालेका हुन् । यसअघि पूर्ववर्ती सरकारले भूमिसम्बन्धी समस्या समाधान आयोग गठन गरेर अघि बढाएको कामलाई वर्तमान सरकारले स्वामित्व लिएपछि यो वातावरण बनेको बर्दिबास नगर कार्यपालिकाले जनाएको छ ।

"यसअघिको सरकारले गठन गरेको आयोग वर्तमान सरकारले खारेज गरे पनि त्यसबेला भएका कामको स्वामित्व लिएपछि अब लालपुर्जा वितरण गर्ने गरी काम बढेको छ", नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रेवतीप्रसाद पराजुलीले भन्नुभयो, "अब नगर क्षेत्रका भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले चाँडै आफ्नो घरजग्गाको लालपुर्जा पाउनेछन् ।" यसअघि लगत सङ्कलन र जग्गा नापको काम सम्पन्न भएको र अहिले लालपुर्जा र नक्सा बन्ने काम अघि बढेको हुँदा अब चाँडै वितरण गरिने उहाँको भनाइ छ ।

"विसं २०७७ मङ्सिर २४ गते भूमिसम्बन्धी समस्या समाधान आयोग ताहचाल काठमाडौँ र बर्दिबास नगर कार्यपालिकाबीच समभ्कदारीपत्रमा हस्ताक्षर गरिएलगत्तै काम अघि बढेको थियो", उहाँ भन्नुहुन्छ, "यसलगत्तै हामीले भूमिसम्बन्धी स्थितिको आधारभूत अध्ययन गरेर सम्बन्धित प्लटप्लटमै पुगेर जग्गा नापजाँच गर्यौं, ती कामलाई अहिलेको सरकारले स्वामित्व ग्रहण गरिदियो, अब काम बढ्यो ।" चाँडै लालपुर्जा वितरण गरिने गरी काम अघि बढेको कार्यकारी अधिकृत पराजुलीको भनाइ छ ।

अहिले लालपुर्जा वितरण गरिने गरी काम बढेको सुनेपछि भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीमामा नयाँ आशाको सञ्चार भएको छ । "हामी त गत असारमा सरकार फेरिएपछि अब लालपुर्जा पाउने काम फेरि अड्कियो भनेर निराश भएका थियौं", बर्दिबास-३ गौरीडाँडामा वर्षौंदेखि घर बनाएर बस्नुभएकी अव्यवस्थित बसोबासी गीता खतिवडाले भन्नुभयो, "तर अहिलेको सरकारले पनि पहिले भएका कामलाई निरन्तरता दिएछ, हाम्रो नगर नेतृत्वले समन्वय गरेछ, अब लालपुर्जा पाइन्छ भन्ने सुनियोबसि ।" लालपुर्जा पाएर अब घर भएको जग्गा मेरै नाममा छ भन्ने दिन नजिक आएको कुराले खुलदुली भन्न बढाएको खतिवडा बताउनुहुन्छ ।

नगरपालिकाले नवगठित भूमि आयोग (केन्द्रीय)सँग भर्खरै गत पुस २४ गते फेरि सम्झौता गरेर पूर्वसरकारको पालामा भएका काम अघि बढाउन आवश्यक कार्यविधि स्वीकृत गराएपछि बल्ल लालपुर्जा वितरणको चरणमा प्रवेश गरेको हो । "अब चाँडै लालपुर्जा वितरण गरिन्छ", बर्दिबास नगरप्रमुख विदुरकुमार कार्कीले भन्नुभयो ।

यसअघि पूर्ववर्ती सरकारले जिल्लामा राजेन्द्र साह नेतृत्वमा जिल्लास्तरीय भूमिसम्बन्धी समस्या समाधान आयोग बनाएर काम अघि बढाएको थियो । तत्कालीन समयमा भएका कामलाई वर्तमान भूमि आयोगले स्वामित्व ग्रहण गरेर निरन्तरता दिएपछि चाँडै लालपुर्जा वितरणको चरणमा प्रवेश गर्न सकेको हो ।

"हामीले आधारभुत काम सकेका थियौं, लगत सङ्कलनदेखि जग्गा नापजाँचको काम सम्पन्न भएको थियो", तत्कालीन भूमि आयोगका अध्यक्ष साहले भन्नुभयो, "सरकार फेरिएर आयोग खारेज भएसँगै गरेको काम के होला भन्ने अन्योल थियो, तर खुशीको कुरा वर्तमान सरकारले ती कामलाई अघि बढाएछ ।" अब बर्दिबास नगरभित्रका भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले चाँडै जग्गाधनी प्रमाणपुर्जा पाउने कुराले खुशी र उत्साही बनाएको साहको भनाइ छ ।

आफ्नै घर भएको जग्गा पनि आफ्नो भन्न नपाएका भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी कौतूहलतापूर्वक लालपुर्जा पाउने दिनको प्रतिक्षामा छन् । "लालपुर्जा पाएको दिन कस्तो होला भन्ने छ ?" बर्दिबास-२ का भूमिहीन श्याम घले भन्नुहुन्छ, "हामी गरिबलाई त त्यो खास पर्वकै दिन हुनेछ ।" लालपुर्जा पाएपछि त्यो आफ्नो सम्पत्ति हुने र यसका आधारमा स-साना व्यवसाय गर्न ऋण कर्जा पाइने भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको भनाइ छ ।

# आयात १० खर्ब हुँदा निर्यात एक खर्ब १८ अर्ब

काठमाडौँ, ९ माघ (रासस) ।

चालु आर्थिक वर्षको पहिलो छ महिनामा आयातसँगै निर्यातमा समेत वृद्धि भएको छ ।

सो अवधिमा रु नौ खर्ब ९९ अर्ब ३४ करोड २७ लाख बराबरको वस्तु तथा सेवा आयात हुँदा नेपालले रु एक खर्ब १८ अर्ब ८५ करोडको मात्र निर्यात गरेको छ । भन्सार विभागको तथ्याङ्कअनुसार चालु आर्थिक वर्षको पहिलो ६ महिनामा आयात ५९ दशमलव १३ प्रतिशत र निर्यात ९५ दशमलव ४८ प्रतिशतले वृद्धि भएको हो ।

गत आर्थिक वर्षको सोही अवधिमा रु छ खर्ब ६१ अर्ब २४ करोड ५३ लाखको आयात हुँदा नेपालले रु ६० अर्ब ७९ करोड ९२ लाखको निर्यात गरेको थियो । निर्यात बढ्दै गए पनि आयात भन्न धेरै बढेको हुँदा व्यापार घाटा चुलिँदै गएको छ ।

**व्यापार घाटा चुलिँदै**

चालु आर्थिक वर्षको पहिलो छ महिनामा व्यापार घाटा ४६ दशमलव ६४ प्रतिशतले बढेर रु आठ खर्ब ८० अर्ब ४९ करोड १७ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा रु छ खर्ब ४४ करोड ६१ लाखको व्यापार घाटा भएको थियो ।

यसैगरी चालु आर्थिक वर्षको पहिलो छ महिनामा मुलुकको वैदेशिक व्यापार रु ११ खर्ब १८ अर्ब १९ करोड ३६ लाखको भएको छ । गत वर्षको सोही अवधिमा मुलुकको वैदेशिक व्यापार रु सात खर्ब २२ अर्ब ४५ करोडको भएको थियो । यो गत वर्षको सोही अवधिको तुलनामा ५४ दशमलव ८६ प्रतिशतले बढी हो ।

**१४१ देशबाट आयात**

चालु आवको पहिलो छ महिनामा नेपालमा १४१ देशबाट रु नौ खर्ब ९९ अर्ब ३४ करोड २७ लाख मूल्य बारबरका विदेशी वस्तुको आयात भएको छ । भन्सार विभागको तथ्याङ्क अनुसार सो अवधिमा सबैभन्दा धेरै आयात भारतबाट भएको छ । भारतबाट सो अवधिमा रु छ खर्ब तीन अर्ब ५४ करोड ५१ लाखको आयात भएको छ । भारतपछि चीनबाट ठूलो मात्रामा आयात भएको छ । चालु आर्थिक वर्षको पहिलो छ महिनामा चीनबाट रु एक अर्ब ४५ अर्ब ९१ करोड ३६ लाख मूल्य बराबरका वस्तु आयात भएको छ ।

यसैगरी नेपालले चालु आर्थिक वर्षको पहिलो छ महिनामा भारततर्फ रु ९६ अर्ब ५६ करोड तथा चीनतर्फ रु ४५ करोड ६२ लाख ४७ हजार मूल्य बराबरका वस्तु निर्यात गरेको भन्सार विभागले जनाएको छ ।

# निर्वाचनको मिति घोषणा गर्न माग

काठमाडौँ, ९ माघ (रासस) ।

विभिन्न राजनीतिक दलका नेता तथा कानुनविद्ले स्थानीय तहको निर्वाचनका लागि समयमा मिति घोषणा गर्न माग गरेका छन् । रिपोर्टर्स क्लबले आयोजना गरेको अन्तर्क्रियामा सहभागीले अनिर्वाचित सत्ताको संविधानले परिकल्पना नगरेकाले चाँडो निर्वाचनको घोषणा गर्नुपर्नेमा जोड दिएका हुन् ।

राष्ट्रियसभाका सदस्य डा खिमलाल देवकाटाले स्थानीय तहको निर्वाचन समयमै गर्नुपर्नेमा जोड दिँदै सम्भव भएसम्म तीनै तहको निर्वाचन एकै चरणमा गर्न सकिने बताउनुभयो । संविधानतः स्थानीय तहको निर्वाचनलाई पछि लान नमिल्ने बताउँदै उहाँले भन्नुभयो, "प्रतिनिधिसभा र स्थानीय तहको निर्वाचन एकैसाथ गर्न सकिन्छ कि सकिँदैन भन्ने बहस पनि छ । सङ्घीय संसद् विगत लामो समयमदेखि अवरुद्ध छ । एमालेले संसद् चल्न दिएको छैन । अपेक्षाअनुसार सङ्घीय संसदले ऐन लिन सकेन । स्थानीय तहको निर्वाचन सँगसँगै प्रतिनिधिसभाको निर्वाचन गर्नेबारे छलफल भएको छ ।"

नेकपा (एमाले)का नेता एवं बागमती प्रदेशसभा सदस्य रामेश्वर फुयाँलले निर्वाचित जनप्रतिनिधिले शासन गर्न पाउने व्यवस्थाअनुसार तत्काल स्थानीय तहको निर्वाचनको मिति घोषणा गर्न माग गर्नुभयो । स्थानीय जनप्रतिनिधिको कार्यकाल संविधानमा पाँच वर्ष तोकिएको बताउँदै उहाँले जनप्रतिनिधिविहीन स्थानीय तह बनाउन नहुने विचार राख्नुभयो ।

अधिवक्ता डा सुरेन्द्र महतोले लोकतन्त्रको मेरुदण्ड भनेको अद्यावधिक निर्वाचन भएको बताउँदै स्थानीय तहको कार्यकाल पाँच वर्ष तोकिएकाले कार्यकाल सकिएको छ महिनाभित्र निर्वाचन गर्न सकिने विचार राख्नुभयो । वरिष्ठ अधिवक्ता डा सुरेन्द्र भण्डारीले स्थानीय तहको निर्वाचन समयावधि सकिएको छ महिनाभित्र गर्नु भनेर संविधानले नै भनेकाले समयमै निर्वाचन गर्नुपर्नेमा जोड दिनुभयो । "विषम परिस्थितिमा यो छ महिनाको अवधि हो । यो टेकेर निर्वाचन लम्ब्याउन पाइँदैन", उहाँले भन्नुभयो । स्थानीय तहलाई धेरै राजनीतिकरण गर्न नहुने भण्डारीले बताउनुभयो ।

वरिष्ठ अधिवक्ता डा दिनेश त्रिपाठीले स्थानीय तहको निर्वाचनको मिति तोक्ने बेला भइसकेकाले सरकारले यसमा ढिलाइ गर्न नहुने बताउँदै तीनै तहको निर्वाचन गर्न नमिल्ने विचार व्यक्त गर्नुभयो । संविधानले स्थानीय तहमा जनप्रतिनिधिविहीन कल्पना नगरेको उल्लेख गर्दै उहाँले लोकतन्त्रलाई निस्तेज गर्ने गरी संविधानको व्याख्या गर्न नहुने बताउनुभयो ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी

Dr. Ranjana Giri

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

Infertility Specialist (Consultant IVF)

NMC No. : 10635

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाभ्फपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


## शैक्षिक प्रमाणपत्रहरू हराएको सूचना

राजविराज नगरपालिका वडा नं. ९ मलेठ बस्ने जिवन कुमार मेहताको मिति २०७८ पुस ५ गतेका दिन एसएलसी र पिसिएल लेवलको सक्कली प्रमाणपत्रहरु हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरि सहयोग गरिदिन हुन अनुरोध छ ।

**नाम : जिवन कुमार मेहता**

**ठेगाना : राजविराज ९, मलेठ (साविक मलेठ २, सप्तरी)**

**सम्पर्क नं. : ९७४५८२६८०३**

# चोरी नियन्त्रणमा आक्रामक प्राधिकरण

काठमाडौं, ९ माघ (रासस)।

निरन्तरको प्रयासका कारण नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्षको पहिलो पाँच महिनामा वितरणतर्फको विद्युत् चुहावट रणनीतिक रुपमा कम भएको छ ।

प्राधिकरणका अनुसार चुहावट ओरालो लागेर ९.१० प्रतिशतमा झरेको छ । नियमित रुपमा विद्युत् आपूर्ति र प्राविधिक तथा गैरप्राविधिक चुहावट नियन्त्रणका लागि सञ्चालन गरिएको अभियानबाट प्राधिकरणले आशातीत सफलता हासिल गरेको हो ।

गत वर्षको मङ्सिरसम्म वितरणतर्फको सञ्चित चुहावटको तुलनामा यस वर्ष २.८२ प्रतिशत विन्दुले घटाएको छ । गत वर्ष मङ्सिरसम्मको वितरणतर्फको विद्युत् चुहावट ११.९२ प्रतिशत थियो । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले चुहावट नियन्त्रणमा कुनै पनि कमजोरी नगर्न प्राधिकरण नेतृत्वलाई स्पष्ट निर्देशन दिनुभएकाले पनि प्रभावकारी परिणाम देखिएको हो । मन्त्री भुसाल प्राधिकरण सञ्चालक समितिको अध्यक्ष हुनुहुन्छ ।

प्रणालीमा रहेको विद्युत् चुहावटमध्ये सबैभन्दा ठूलो हिस्सा वितरणतर्फको हुन्छ । प्राधिकरणले चालु आवमा समग्र प्रणालीको विद्युत् चुहावट १५.५ प्रतिशतमा र वितरणतर्फको चुहावटलाई ९.५ प्रतिशतमा झार्ने लक्ष्य राखेको छ ।

प्राविधिक र गैरप्राविधिक चुहावट नियन्त्रणका लागि चालिएका कदमलाई अझै सशक्त र प्रभावकारी बनाएर चुहावटलाई लक्ष्यभन्दा अझै कम बनाउने गरी सम्पूर्ण टिम परिचालन गरिएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिनुभयो ।

कार्यकारी निर्देशक घिसिङले यस अवधिमा नयाँ सबस्टेसन निर्माण सम्पन्न भएको, सञ्चालमा रहेका सबस्टेसनको स्तरोन्नति गरिएको, औद्योगिक क्षेत्रमा विद्युत् खपत बढेको, मिटर रिडिङलाई प्रभावकारी बनाउँदा ग्राहकमा सञ्चित रहेको युनिट बिलिङ भएको लगायतका कारणबाट चुहावट घटेको उल्लेख गर्नुभयो ।

"हुकिङलगायतबाट हुने विद्युत् चोरी नियन्त्रणका लागि नियमित अनुगमन तथा कारबाही, ओभरलोड भएका सबस्टेसनको सुदृढीकरण तथा नयाँ सबस्टेसनको निर्माण, कन्डक्टर, ट्रान्सफर्मर फेर्नेलगायत काम अगाडि बढाइकाले चुहावट घटेको हो", उहाँले भन्नुभयो, "गर्मी सुरु भएपछि चुहावट केही बढ्न सक्छ, यसलाई ध्यान दिँदै चुहावटलाई वाञ्छित सीमाभन्दा तल झार्ने गरी काम भइरहेको छ ।"

सबस्टेसनको क्षमता वृद्धि गर्ने, कन्डक्टर थप्ने, ओभरलोड ट्रान्सफर्मर फेर्ने, थ्री फेज मिटरको प्रयोगलाई प्रोत्साहन गर्ने लगायतका कदमको परिणाम चुहावट नियन्त्रणमा देखिएको हो ।

प्राधिकरणले गैरप्राविधिक चुहावट नियन्त्रणका लागि चोरी नियन्त्रण, महसुल बक्यौता असुलीमा कडाइ, मिटर बाइपास तथा हुकिङ गरी चोरी गर्नेलाई कडा कारबाही गर्ने, बन्द मिटर फेर्ने, मिटर लिन प्रोत्साहित गर्ने मिटर रिडिङ नभएको (स्टक युनिट) ग्राहकको पहिचान गरी रिडिङ गर्ने काम अभियानकै रुपमा चलाइएको छ ।

**सबैभन्दा बढी विद्युत् चुहावट मधेस प्रदेशमा**

प्राधिकरणका सातवटा प्रादेशिक कार्यालय र दुईवटा प्रदेश डिभिजन कार्यालय मातहतका वितरण केन्द्रहरूमध्ये सबैभन्दा बढी विद्युत् चुहावट मधेस प्रदेश प्रादेशिक कार्यालय, जनकपुरको छ ।

प्रादेशिक कार्यालय जनकपुर मातहतका २३ वटा वितरण केन्द्रहरूको समग्र विद्युत् चुहावट १२.९९ प्रतिशत छ । अघिल्लो वर्ष १७.३६ प्रतिशत थियो । सर्लाहीको मलङ्वा वितरण केन्द्रको सबैभन्दा बढी ४३.८२ प्रतिशत विद्युत् चुहावट रहेको छ ।

गत वर्ष मलङ्वा वितरण केन्द्रको विद्युत् चुहावट १०.१७ प्रतिशत थियो । बाराको सिम्रौनगढ वितरण केन्द्रको विद्युत् चुहावट ३९.८० प्रतिशत रहेको थियो । गत वर्ष त्यस केन्द्रको चुहावट ५३.०७ प्रतिशत थियो ।

महोत्तरीको जलेश्वर वितरण केन्द्रको चुहावट गत वर्ष ४२.२७ प्रतिशत रहेकामा यस वर्ष ३७.६१ प्रतिशत रहेको छ । औद्योगिक ग्राहक धेरै रहेकाले बाराको सिमरा वितरण केन्द्रको विद्युत् चुहावट ०.४८ प्रतिशत रहेको छ । अघिल्लो वर्ष केन्द्रको चुहावट १.६७ प्रतिशत थियो ।

प्रदेश नं १ प्रादेशिक कार्यालय विराटनगर मातहतका २४ वटा वितरण केन्द्रमध्ये सबैभन्दा बढी विद्युत् चुहावट सुनसरीको इनरुवा वितरण केन्द्रको छ । यस केन्द्रको विद्युत् चुहावट २४.८१ प्रतिशत रहेको छ । अघिल्लो वर्ष २७.२२ प्रतिशत थियो ।

बागमती प्रदेशअन्तर्गत प्रदेश डिभिजन कार्यालय हेटौंडा मातहतका ६ वटा वितरण केन्द्रमध्ये सबैभन्दा बढी मकवानपुरको पालुङ वितरण केन्द्रको ३०.११ प्रतिशत विद्युत् चुहावट रहेको छ । गत त्यस केन्द्रको २६.५८ प्रतिशत चुहावट थियो ।

बागमती प्रदेश प्रादेशिक कार्यालय काठमाडौं मातहतका २० वटा वितरण केन्द्रमध्ये सिन्धुपाल्चोक वितरण केन्द्रको सबैभन्दा बढी ३१.९३ प्रतिशत चुहावट रहेको छ । अघिल्लो वर्ष त्यस केन्द्रको २५.१२ प्रतिशत चुहावट थियो । त्यसपछि सिन्धुपाल्चोककै हेलम्बु वितरण केन्द्रको विद्युत् चुहावट ३०.७८ प्रतिशत छ । गत वर्ष केन्द्रको चुहावट ९.२८ प्रतिशत थियो ।

गण्डकी प्रदेशअन्तर्गत प्रादेशिक कार्यालय पोखरा मातहतका १३ वटा वितरण केन्द्रमध्ये सबैभन्दा बढी चुहावट म्याग्दी वितरण केन्द्रको छ । केन्द्रको चुहावट अघिल्लो वर्ष १८.९२ प्रतिशत रहेकामा यस वर्ष १५.५५ प्रतिशतमा झरेको छ ।

लुम्बिनी प्रदेशअन्तर्गत प्रादेशिक कार्यालय बुटवल मातहतका ११ वटा वितरण केन्द्रहरुमध्ये सबैभन्दा बढी चुहावट कपिलवस्तुको तौलिहवा वितरण केन्द्रको २५.५६ प्रतिशत रहेको छ । गत वर्ष केन्द्रको चुहावट १४.८४ प्रतिशत थियो ।

लुम्बिनी प्रदेशअन्तर्गत प्रदेश डिभिजन कार्यालय नेपालगञ्ज मातहतका १४ वटा वितरण केन्द्रहरुमध्ये सबैभन्दा बढी विद्युत् चुहावट प्यूठान वितरण केन्द्रको १९.४२ प्रतिशत रहेको छ । अघिल्लो वर्ष त्यस केन्द्रको चुहावट १९.९० प्रतिशत थियो ।

कर्णाली प्रदेशअन्तर्गत प्रादेशिक कार्यालय सुर्खेत मातहतका ११ वटा वितरण केन्द्रमध्ये सबैभन्दा बढी चुहावट रुकुम (पश्चिम) वितरण केन्द्रको रहेको छ । केन्द्रको चुहावट गत वर्ष ३१.२५ प्रतिशत रहेकामा यस वर्ष २७.१३ प्रतिशतमा झरेको छ ।

सुदूरपश्चिम प्रदेशअन्तर्गत प्रादेशिक कार्यालय अत्तरिया मातहत ११ वटा वितरण केन्द्रहरुमध्ये सबैभन्दा बढी चुहावट अछाम वितरण केन्द्रको रहेको छ । गत वर्ष १८ प्रतिशत रहेको केन्द्रको चुहावट यस वर्ष बढेर २०.४४ प्रतिशत पुगेको छ ।

# विराट राजाको दरबार उत्खनन

विराटनगर, ९ माघ (रासस)।

मोरङको बुधनगर भेडियारीस्थितका विराट राजाको दरबार भनिएको स्थानमा अहिले उत्खनन भइरहेको छ । पुरातत्व विभागबाट गरिएको उत्खननअनुसार विराट राजाको दरबार भनिएअनुसारको उत्खननबाट ऐतिहासिक वस्तु वा भग्नावशेष पाइएको बताइएको छ ।

विराट राजाको दरबार क्षेत्र भनिएको स्थानमा विसं २०२६ मा पुरातत्व विभागबाट आउनुभएका अधिकृत तारानाथ मिश्रले उत्खनन कामको सुरुआतपछि विभागबाट प्रकाश दर्नाल, उद्धव आचार्य, शालिकराम कट्टेल, सन्दीप खनालले थोरबहुत उत्खननको काम गरिसकेपछि गएको पुस २६ गतेदेखि पुरातत्व विभागबाट खटिनुभएका पुरातात्विक अधिकृत भाष्कर ज्ञवालीको नेतृत्वमा उत्खननको काम जारी छ ।

सम्भवतः अझ दुई दिन उत्खननको काम हुने अधिकृत ज्ञवालीले भन्नुभयो । उहाँले विराट राजा दरबार भनिएको स्थानमा अहिले उत्खनन गर्दा एउटा ऐतिहासिक मन्दिर देखिएको छ भने मन्दिरदेखि २०० मिटर पश्चिम स्थानीय महेन्द्र मण्डलले जोतभोग गरेको जग्गामा केही भागमा उत्खनन गर्दा दोस्रो शताब्दीको पहिचान हुने किसिमको घना बस्ती हुनसक्ने अनुमान गर्नुभएको छ ।

उत्खनन गर्दा खासै महत्वपूर्ण वस्तु फेला नपरे पनि त्यस समयमा प्रयोग हुने ३४ सेमी लम्बाइ, २५ सेमी चौडाइ र पाँच सेमी मोटाइ भएको इँटा पाइएको छ । त्यहाँ माटा अन्य सामग्री पनि फेला परेको र यसलाई सफा गरेर प्याकेजिङको काम भइरहेको बताइएको छ ।

मानव बस्ती, एकीकृत भन्सार जाँचचौकीसमेतले अतिक्रमण भएको विराट राजाको दरबार क्षेत्र खुम्चिएको छ भने यहाँ लगभग १३ देशका पुरातात्विक विभागका मानिसले अवलोकन गरिसकेको विराट राजाको रेखदेख एवं संरक्षणमा लाग्नुभएका स्थानीय नवकिशोर यादवले भन्नुभयो । उहाँले विराट राजाकै दरबार हो भन्ने कुरामा दुईमत नरहेको भन्दै विराट राजाको दरबार लगभग डेढ किमी उत्तरपूर्व, दक्षिण र पश्चिमसम्म फैलिएको अनुमान लगाउन सकिन्छ भन्नुभयो । उहाँले यहाँ फेला परेका वस्तुमा सिमाला, पुवाँलो, पुलिङ, रत्न, निलम, ग्रेनाइट, लसुनिया, गमेद, लाल मुँगा र रुवेस्ट तथा केही सिक्का सुरक्षित राखेको जानकारी दिनुभयो ।

विसं २०५२ मा सपना देखेर नै यसको रेखदेख एवं संरक्षणमा लागेदेखि आफूले यहाँ अतिमूल्यवान वस्तुहरू फेला पारेको र यी सबै वस्तुहरू आफ्नै सङ्ग्रहालयमा सुरक्षित राखेका जानकारी दिनुभयो । सरकारी पहुँच नभएर यसको प्रचार, प्रसार एवं उत्खननबाट वास्तविक पहिचान हुन नसकेको यो क्षेत्रमा प्रदेश नं २ को तत्कालीन प्रदेश प्रमुख डा राजेश झा, प्रदेश नं १ को तत्कालीन प्रदेश प्रमुख सोमनाथ अधिकारी 'प्यासी' लगायतले निरीक्षण एवं अवलोकन भइसकेको यो क्षेत्रको थोरै विकासमा विराट क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति मोरङले मद्दत गरेको स्थानीय युवा मुकेश यादवले बताउनुभयो ।

विराट राजा दरबार क्षेत्रमा किचकबध पोखरीसहित थप संरचना देखिएको पुरातात्विक अधिकृत ज्ञवालीले प्रष्ट पार्दै भन्नुभयो, "झापाको किचकबध र यो विराट राजाको दरबारको भग्नावशेष हेर्दा एउटै समयको हो ।"

## विश्व समाचार

### कोभिडका कारण न्युजिल्याण्डकी प्रधानमन्त्रीको बिवाह रद्द

वेलिङ्टन (न्युजिल्याण्ड), ९ माघ (रासस-एएनआई)।

न्युजिल्याण्डकी प्रधानमन्त्री जसिन्डा आर्डर्नले बढ्दो ओमिक्रोन सङ्क्रमणका कारण आफ्नो बिहे रद्द गरेको जानकारी दिनुभएको छ । उहाँले नियमित पत्रकार सम्मेलनमा आइतबार बिवाह कार्यक्रम हाललाई अगाडि नबढ्ने जानकारी दिनुभएको छ ।

बिवाह, भोज र अन्य मनोरञ्जनात्मक कार्यक्रम जहाँ मानिसको ठूलो भीड हुने गर्छ हाललाई सबै त्यस्ता कार्यक्रम स्थगित गर्न सुझावसमेत दिनुभएको छ । यहाँको सरकारले थप स्वास्थ्य सतर्कता अपनाउँनसमेत सबैमा आग्रह गरेको छ ।

### यमनमा भएको हवाई आक्रमणको राष्ट्रसङ्घद्वारा निन्दा

संयुक्त राष्ट्रसङ्घ, ९ माघ (रासस/सिन्ह्वा)।

यमनको सादा नामक सहरमा रहेको एक थुना केन्द्रमा भएको हवाई हमलाको संयुक्त राष्ट्रसङ्घले निन्दा गरेको छ ।

सो हमलामा परी कम्तीमा पनि १०० भन्दा बढी व्यक्तिको मृत्यु भएको थियो । शुक्रबार साउदी अबेरियाको नेतृत्वको सैन्य समूहले त्यहाँ हवाई आक्रमण गरेको थियो ।

उक्त आक्रमणमा परेर अरु कम्तीमा पनि १०० घाइते पनि भएका छन् । घाइतेको नजिकैको अस्पतालमा उपचार जारी छ ।

शुक्रबार रातिको समयमा जेललगायतका स्थानमा साउदी सेनाले हवाइ आक्रमण गरेको थियो । कम्तीमा १००को मृत्यु भएको र अरु १०० भन्दाबढी घाइते भएका अनुमान गरिएको उद्धारकर्ताले शुक्रबार बताएका हुन् ।

सो घटनाको राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटरेंसले निन्दा गर्नुभएको हो । उहाँले हवाई हमलाबाट थुनामा रहेका व्यक्तिको ज्यान जानु ठूलो अपराध भएको बताउनुभएको हो ।

यस्ता नागरिक हत्याका कार्य तत्कालै बन्द गर्न उहाँले विज्ञप्तिमार्फत् आग्रह पनि गर्नुभएको छ । यस्ता कार्य निन्दनीय रहेको भन्दै नागरिकको सुरक्षाको उहाँले माग पनि गर्नुभएको छ ।

यमनस्थित रेडक्रसको अन्तरराष्ट्रिय समितिका प्रवक्ता बाशीर उमरले हुथी विद्रोहीको प्रभाव क्षेत्रमा रहेको सादा सहरमा भएको आक्रमणमा धेरै व्यक्ति सख्त घाइते भएका बताउनुभएको छ ।

इराननिकट मानिने यमनी समर्थित हुथी विद्रोहीले जारी गरेको तस्वीरमा उद्धारकर्मीले ध्वस्त भएका जेल भवनबाट क्षतविक्षत मृत शरीर तानेर थुपार्दै गरेका दृश्य देखिएका छन् ।

हुथीले संयुक्त अरब इमिरेट्समा हवाईजहाज र क्षेप्यास्त्र आक्रमण गरेको दाबी गरेको पाँच दिनपछि यी हमला भएका छन् ।

पछिल्ला केही महिनामा हुथी विद्रोहीलाई लक्ष्य गरेर साउदी अरेबियाको नृतृत्वमस रहेको सैन्य समूहले यमनी आकासबाट हमला गर्ने गरेको छ । यसबाट हुथी विद्रोहीका साथै सर्वसाधारणको पनि ज्यान जाने गरेको छ ।

### भारतमा एकैदिनमा तीन लाख ३३ हजार सङ्क्रमित

नयाँदिल्ली, ९ माघ (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट पछिल्लो एक दिनमा थप तीन लाख ३३ हजार ५३३ जनामा सङ्क्रमित थपिएका छन् ।

यसैसँगै भारतमा कोरोना शुरु भएयता हालसम्मको कूल सङ्क्रमितको संख्या तीन करोड ९२ लाख ३७ हजार २६४ रहेको जनाइएको छ । भारतमा पछिल्लो केही हप्तादेखि दैनिक सङ्क्रमितको सङ्ख्यामा दिन प्रतिदिन वृद्धि हुँदै आइरहेका केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले आइतबार जनाएका छन् ।

सो मन्त्रालयका अनुसार भारतमा अहिले सक्रिय सङ्क्रमित अवस्था २१ लाख ८७ हजार २०५ रहेको छ । पछिल्लो २४ घण्टामा भारतमा कोरोनाभाइरसबाट दुई लाख ५९ हजार १६८ सङ्क्रमणमुक्त भएका छन् ।

भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट सङ्क्रमित भएर पनि अहिले सङ्क्रमणमुक्त भएकाको सङ्ख्या तीन करोड ६५ लाख ६० हजार ६५० पुगेको छ । यहाँ कोरोना भाइरस निको हुने दर ९३.१८ प्रतिशत रहेको जनाइएको छ ।

पछिल्लो एक दिनमा ५२५को कोरोनाका कारण मृत्यु भएको छ भने अहिलेसम्म कोरोनाको कारण मृत्यु भएकाको सङ्ख्या चार लाख ८९ हजार ४०९ रहेको छ ।

कोरोना सुरु भएदेखि हालसम्म भारतमा ७१ करोड ५५ लाख २० हजार भन्दाबढी व्यक्तिको कोरोना परीक्षण भएको छ । यहाँ सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान सुरु भएको थियो ।

सो समयदेखि हालसम्म एक अर्ब ६१ करोड ९२ लाख ८४ हजारभन्दा बढीले कोरोनाविरुद्ध खोपको डोज लगाइएको छ ।

